# अखिल नेपाल फुटबल संघ

प्रायोजक

## कोका-कोला अन्तर बिद्यालय छात्र तथा छात्रा राष्ट्रिय फुटबल प्रतियोगिता २०७४

## प्रेस बिज्ञप्ती

**आदरणीय पत्रकार महानुभावज्यूहरु,**

बिश्वकै लोकप्रिय फुटबल खेललाई नेपालमा पनि आधारभुत तह देखि नै बिकास गर्दै जाने उद्देश्य अनुरुप अखिल नेपाल फुटबल संघले आफ्नो बार्षिक कार्यक्रम अनुसार नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयको सहयोगमा राष्ट्रिय खेलकुद परिषदको समन्वय र कोका-कोलाका उत्पादक बोटलर्स नेपाल लिमिटेडको प्रायोजकत्वमा बृहद रुपमा संचालन गर्दै आएको बिद्यालय स्तरको फुटबल प्रतियोगिता मध्ये एक महत्वपूर्ण प्रतियोगिता मानिएको **कोका-कोला अन्तर बिद्यालय छात्र तथा छात्रा राष्ट्रिय फुटबल प्रतियोगिता** बि.सं.२०६२ साल देखि निरन्तर आयोजना गर्दै नेपाली फुटबल खेलमा युवा फुटबल बिकासको कार्यक्रममा टेवा दिदै आएको व्यहोरा जानकारी गराउंदछौ ।

यसै सन्दर्भमा, यस बर्ष **कोका-कोला अन्तर बिद्यालय छात्र तथा छात्रा राष्ट्रिय फुटबल प्रतियोगिता-२०७४** यहि २०७४ श्रावण ३ गते देखि काठमाण्डौमा बिधिवत उद्घाटन गरी संचालन गरीने कार्यक्रम रहेकोछ । देशमा रहेका बिद्यालय स्तरका युवा खेलाडीहरुलाई यस खेल प्रति आकर्षण गराउन तथा आफ्नो प्रतिभा र खेल कौशल देखाउने अवसरहरु प्रदान गर्न अखिल नेपाल फुटबल संघले नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयको कार्यक्रम अनुसार बिश्वकै लोकप्रिय पेय पद्धार्थ कोका-कोलाको उत्पादक बोटलर्स नेपाल लिमिटेड संग सहकार्य गर्दै यस प्रतियोगितालाई बिगतका बर्षहरुमा भन्दा बृहद रुपमा व्यापक बनाउंदै संचालन गर्ने भएको जानकारी गराउंदछौ । यसै अनुरुप संघ अन्तर्गत गठीत नेपालका ४५ जिल्लाहरुमा गठीत जिल्ला फुटबल संघहरु अन्तर्गत बिभिन्न ४४ जिल्लाहरुमा जिल्ला फुटबल संघको समन्वयमा र काठमाण्डौ र ललितपुरको काठमाण्डौ जिल्ला फुटबल संघको अयोजनामा गरी ४४ बिभिन्न जिल्लाहरुका खेल मैदानमा जिल्ला स्तरीय प्रतियोगिता संचालन गर्ने कार्यक्रम रहेकोछ ।

उक्त प्रतियोगितालाई गत बर्ष झै यस बर्ष पनि तीन चरणमा संचालन गरीने कार्यक्रम रहेकोछ । पहिलो चरण जिल्ला स्तरीय प्रतियोगिता संघ अन्तर्गत बिभिन्न ४४ जिल्लाहरुमा, दोश्रो चरण क्षेत्रीय स्तरीय प्रतियोगिता पूर्वाञ्चलको झापामा, मध्यमाञ्चलको भक्तपुर र रौतहटमा, पश्चिमाञ्चलको कास्कीमा,, मध्येपश्चिमाञ्चल र सुदुर पश्चिमाञ्चलको बांकेमा संचालन गरीनेछ । काठमाण्डौ र ललितपुरबाट सिधै ४ वटा टिम पूर्वाञ्चलको झापाबाट बिजयी तथा उपबिजयी र तेश्रो स्थान हासिल गर्ने ३ वटा बिद्यालयका टिमहरु, मध्यमाञ्चलको भक्तपुर र रौतहटबाट १-१ टिम पश्चिमाञ्चलको कास्कीबाट बिजयी र उपबिजयी २ टिम र मध्य पश्चिमाञ्चाल तथा सुदुर पश्चिमाञ्चलको बांकेबाट २ टिम गरी अन्तिम चरणमा राष्ट्रिय स्तरको बिद्यालयकै नाममा १३ टिमहरु बिच काठमाण्डौमा लिग कम नकआउटको आधारमा संचालन हुने खेलमा सहभागी गराईनेछ । यस अन्तिम चरणमा प्रथम हुने बिद्यालयका टिमलाई छात्र तथा छात्रा तर्फ नगद पुरस्कार रु.३,००,०००।-(तीन लाख रुपैया), द्धितिय हुने टिमलाई रु.१,००,०००।-(एक लाख रुपैया), तृतिय हुने टिमलाई रु.५०,०००।-(पचास हजार रुपैया) नगद पुरस्कार सहित शिल्ड, पदक र प्रमाण-पत्र प्रदान गरीनेछ । उत्कृष्ट खेलाडीहरु तथा प्रशिक्षक गरी ५ बिद्याका उत्कृष्ट खेलाडीहरुलाई पनि नगद रु पांच हजार रुपैया नगद पुरस्कारबाट प्रोत्साहन स्वरुप प्रदान गरीनेछ ।

| | | | |
|---|---|---|---|
| १ | पहिलो चरण (जिल्ला स्तरीय) | २०७४ आषाढ २३ गते देखि श्रावण १३ गते भित्र | संघ अन्तर्गत ४४ जिल्लाहरुमा |
| २ | दोश्रो चरण (क्षेत्रिय स्तरीय) | २०७४ श्रावण २९ गते देखि भाद्र ९ गते | झापा, भक्तपुर, रौतहट, कास्की र बांके |
| ३ | अन्तिम चरण (राष्ट्रिय स्तर) | २०७४ भाद्र २३ गते देखि आश्विन १ गते | काठमाण्डौ |

पहिलो चरणको काठमाण्डौंमा संचालन हुने प्रतियोगिताको उद्घाटनमा सहभागी बिद्यालयको टिमहरुले मार्चपास गर्ने र उक्त मार्चपासका उत्कृष्ट हुने बिद्यालयका टिमलाई प्रायोजकबाट आकर्षक पुरस्कारबाट पुरस्कृत गर्ने व्यवस्था गरेको जानकारी गराउदछौं । साथै प्रतियोगितामा १२८ बिद्यालयहरुको सहभागीता रहने भएकोछ ।

यस प्रतियोगिताको अनुमानित बजेट करीव रु.१,१५,००,०००।(एक करोड पन्द्र लाख रुपैया) रहेकोछ । यस प्रतियोगितालाई सुचारु रुपले संचालन गर्न नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयबाट रु.२०,००,०००।(बीस लाख रुपैया) अनुदान सहयोग प्रदान गरीएकोछ र प्रायोजक बोटलर्स नेपालबाट यस बर्ष रु.५०,००,०००।(पचास लाख रुपैया) प्रायोजित रकम प्रदान गरीनेछ । साथै अपुग रकम आयोजक अखिल नेपाल फुटबल संघबाट परिपुर्ति गरीनेछ । कोका-कोला कप अन्तर बिद्यालय छात्र तथा छात्रा राष्ट्रिय फुटबल प्रतियोगिताको जिल्ला स्तरीय प्रतियोगितामा उत्कृष्ट भै क्षेत्रिय प्रतियोगितामा सहभागी हुने टिमहरुलाई र क्षेत्रिय प्रतियोगिताबाट अन्तिम चरणमा सहभागी हुने काठमाण्डौं बाहिरबाट सहभागी हुने विद्यालयका टिमहरुलाई क्षेत्रिय प्रतियोगितामा सहभागी हुनका निम्ति यातायात खर्च बापत निश्चित रकम प्रदान गरीनेछ भने राष्ट्रिय प्रतियोगितामा सहभागी हुने सम्पूर्ण काठमाण्डौ बाहिरका खेलाडीहरुलाई संघबाट खान बस्न तथा आवागमनको सुबिधा उपलव्ध गराईनेछ । प्रतियोगितामा सहभागी भएका छात्र खेलाडीहरुको उत्कृष्टताको आधारमा सर्वोत्कृष्ट हुने खेलाडीहरुको छनौट गरी संघले संचालन गर्दै आएको एन्फा फुटबल एकेडेमीमा समेत आगामी बर्ष उमेर अनुसार सहभागीता प्रदान गर्ने अवसर प्रदान गरीने कार्यक्रम रहेकोछ । जसले गर्दा देशको जिल्ला-जिल्लाबाट सर्वोत्कृष्ट प्रतिभावन खेलाडीहरुको खोजीमा समेत यस प्रतियोगिताले ठूलो सहयोग पुग्ने कुरामा संघ बिश्वत रहेकोछ ।

यस बिद्यालय स्तरको प्रतियोगितामा गत बर्ष छात्र तथा छात्रा तर्फ गरी ११११ बिद्यालयहरुको सहभागीता रहेको थियो भने यस बर्ष सहभागीतामा बृद्धि गर्दै करी १५०० बिद्यालयका फुटबल टिमहरुको सहभागीता गराईने लक्ष संघको रहेकोछ ।

कोका-कोला नेपालमा मात्र नभई अन्तराष्ट्रिय बजारमा पनि सर्वाधिक लोकप्रिय हल्का पेयपदार्थको रुपमा चिरपरिचत रहेको र फिफा बिश्व कप र ओलम्पिक खेलहरु जस्ता महत्वपूर्ण खेलहरुका साथै युरो कप फुटबल २०१२ तथा कोकाकोला ट्रफि टुर जस्ता महत्वपूर्ण कार्यक्रम र फुटबल प्रतियोगिताहरुको प्रायोजकको रुपमा रहेर आफ्नो संलग्नता जनाउदै आएको कोका-कोलाले नेपालमा पनि यसको उत्पादनको साथ साथै बजार प्रवर्धनको जिम्मेवारी सम्हालेको बोटलर्स नेपालको प्रायोजकत्वमा बिगत आठ बर्ष देखि नियमित रुपमा संचालन गर्दैं आएको **कोका-कोला अन्तर बिद्यालय छात्र तथा छात्रा राष्ट्रिय फुटबल प्रतियोगिता**मा सहभागी भएर उत्कृष्ट खेल प्रदर्शन गरी अवसर पाएका खेलाडीहरुले आज नेपालको 'ए' डिभिजनको फुटबल क्लबहरुमा र एन्फा एकेडेमीमा समेत आवद्ध भै खेल्दै आएको जानकारी गराउन चाहान्छौं । साथै बोटलर्स नेपालले नेपाली बजारमा हल्का पेयपदार्थ कोका-कोला, फान्टा र स्प्राईटको उत्पादन गर्दै त्यसको बजार प्रवर्दन गर्नुका साथै नेपाली फुटबल खेलको बिकास तथा बिस्तारको लागि अखिल नेपाल फुटबल संघ सँग सहकार्य गर्दै आइरहेकोमा संघ बोटलर्स नेपाल लिमिटेड प्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्न चाहान्छौं ।

साथै नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय तथा राष्ट्रिय खेलकुद परिषदबाट पनि भबिष्यमा यस्तो आधारभूत तहको प्रतियोगिताहरु संचालन गरि प्रतिभा पहिचान गर्ने कार्यक्रमलाई व्यापक बनाउन अझ बढी सहयोगको अपेक्षा गर्दछौ । साथै यस कार्यक्रमलाई सफल बनाउन सहयोग गर्नु हुने सम्पूर्ण संचार माध्यमहरुलाई पनि यस समाचारलाई व्यापक प्रचार प्रसार गरी सहयोग गरी दिनु हुन समेत संघ हार्दिक अनुरोध गर्दछ ।

मिति : २०७४ श्रावण १ गते, आईतबार

(धिरेन्द्र प्रधान)
महासचिब